नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## प्रेस विज्ञप्ति

### निजी आवास पुर्ननिर्माणका लागि अनुदान सम्झौता ।

(२०७३ फाल्गुन २२)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १४ जिल्लाहरुमा निजी आवास पुर्ननिर्माणका लागि यही २०७३ फाल्गुन २२ गते सम्म ५,५३,१११ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भनेप्रथम किस्ता भुक्तानी घरधुरी संख्या ५,३२,२६० रहेको र करिब २,०५,१९६ वटा गुनासाहरु दर्ता गरिएको अभिलेख प्राप्त भएको छ । भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदानहस्तान्तरण गर्न राष्टियपुनर्निर्माण प्राधिकरणबाट "क","ख" र "ग" वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग २०७३ साल जेठ १७ मा सम्झौता भई सोही अनुसार स्थानीय निकाय र बैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरुको क्लस्टरिंग गरी तिनिहरुमार्फत आ-आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्ने गरी प्रबंध मिलाइएको छ | साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्न भैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने रसम्बन्धित जिविसले प्राप्त तेरिज अनुसार यथाशीघ्र बैंकखातामा अनुदान रकम हस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका, तथा गाविसहरुलाई निर्देशन दिईसकेको छ | यसबाट आगामी दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा समेत गरिएको छ |

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदानसम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | गोरखा | ५८५०३ | ५३३४९ | ५२६७५ | १५७४६ |
| २ | सिन्धुपाल्चोक | ७८५३७ | ७४९२४ | ७४९१२ | १४४४७ |
| ३ | रामेछाप | ४३६०९ | ४०९११ | ३९७५९ | १३९७२ |
| ४ | धादिङ्ग | ७०५८१ | ६३१५१ | ६२८४९ | १५५८९ |
| ५ | नुवाकोट | ६५७७३ | ६१३७० | ६०४७४ | ११०५० |
| ६ | दोलखा | ५१९४० | ४८११३ | ४७०७९ | २१७१२ |
| ७ | ओखलढुङ्गा | १९८१९ | १८४८९ | १८३०१ | ७८१० |
| ८ | काभ्रेपलाञ्चोक | ६७७३१ | ६०७२१ | ५९७५१ | २१४३६ |
| ९ | सिन्धुली | ३४२६९ | २८२६९ | २६१६२ | ३०६०१ |
| १० | रसुवा | ११२३६ | ९६८२ | ९१०६ | १३६७ |
| ११ | मकवानपुर | ३०२३८ | २०३०५ | १९००९ | २६९०९ |
| १२ | ललितपुर | २५८९३ | १८५३५ | ११७३७ | ६११८ |
| १३ | काठमाडौं | ४२५०० | ३५१३६ | ३०८९३ | ११८५१ |
| १४ | भक्तपुर | २६०६६ | २०१५६ | १९५५३ | ६५८८ |
| | जम्मा | ६२६६९५ | ५५३१११ | ५३२२६० | २०५१९६ |

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ फाल्गुन २२